नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

**नेपाल राष्ट्रिय एकद्वार प्रणाली मार्फत EXIM आवेदन दिने बारे सूचना**

**सूचना प्रकाशित मितिः २०७९/०६/०६**

निकासी वा पैठारी व्यापारलाई सहज, पारदर्शी तथा सुरक्षित बनाई नेपालको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी अभिलेखलाई व्यवस्थित गर्न नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window-NNSW) को कार्यान्वयन भईसकेको व्यहोरा सर्वविदितै छ । यस सन्दर्भमा निकासी वा पैठारी संकेत नम्बर (Export and Import Code-EXIM) को समेत यस राष्ट्रिय एकद्वार प्रणालीबाट व्यवस्थापन गर्ने गरी EXIM Module तयार भएको र सोको कार्यान्वयन गर्न भन्सार ऐन २०६४ को दफा ८९ख बमोजिम निकासी वा पैठारीकर्ताले यस विभाग र भन्सार कार्यालयहरुमा पेश गर्ने EXIM Code सम्बन्धी निवेदन र सो सम्बन्धी कागजातहरू यस राष्ट्रिय एकद्वार प्रणाली मार्फत स्वीकार गर्न वा विद्युतीय माध्यमबाट जुनसुकै दस्तुर वा रकम बुझ्न सकिने भएकोले यस राष्ट्रिय एकद्वार प्रणालीको पोर्टल (Portal) www.nnsw.gov.np बाट आवेदन गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि मिति २०७९/०५/१९ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः यस अघि EXIM Code नविकरण गरिसकेका निकासी वा पैठारीकर्ताहरुले समेत यस राष्ट्रिय एकद्वार प्रणालीमा User Account बनाउन समेत जानकारी गराइन्छ ।

**सम्पर्क ठेगानाः**

१. भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौः ०१-४११७०१०

२. Help Desk, त्रिपुरेश्वर, काठमाण्डौः १६६-००१६-००१६